# राप्ती सोनारी गाउँपालिका
**RAPTI SONARI RURAL MUNICIPALITY**
# गाउँ कार्यपालिकाको कार्यालय
**OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE**

अगैया, बाँके
**AGAIYA, BANKE**

लुम्बिनी प्रदेश, नेपाल
**LUMBINI PROVINCE, NEPAL**

पत्र सङ्ख्या/**Ref. No.:-** २०८२/०८३
सूचना नम्बर/**Notice No.:-**

सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०२।११ गते

यस राप्ती सोनारी गाउँपालिकाबाट भूमि प्रशासन सेवा सञ्चालनका लागि तपसिल बमोजिमको पदमा खुला प्रतियोगिताको माध्यमबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र रीतपूर्वक दरखास्त फाराम भरी यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। दरखास्त फाराम राप्ती सोनारी गाउँपालिकाको वेबसाइट *www.raptisonarimun.gov.np* बाट डाउनलोड गर्न सकिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग पद सङ्ख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १ | ७/२०८२।०८३ | नापी अधिकृत | अधिकृतस्तर सातौं | १ | १२००/- |

**१. परीक्षाको किसिम :-** लिखित परीक्षा र अन्तर्वार्ता।

**२. शैक्षिक योग्यता :-** मान्यता प्राप्त शैक्षिक संस्थाबाट सर्भे वा जियोमेटिक्स इन्जिनियरिङमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।

**३. उम्मेदवारको उमेर हद :-** दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

**४. दरखास्त दिने अन्तिम मिति :-** २०८३।०२।१७ गते कार्यालय समयभित्र (दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सो को पछिल्लो कार्यालय खुल्ने दिन)

**५. दरखास्त बुझाउने स्थान/माध्यम :-**

क) राप्ती सोनारी गाउँ कार्यपालिकाको कार्यालय, अगैया, बाँके।

ख) विद्युतीय माध्यमबाट आवेदन पेश गर्न दरखास्त फाराम वेबसाइटबाट डाउनलोड गरी सम्पूर्ण विवरण भरी आवश्यक कागजातहरूको प्रमाणित प्रतिलिपि, राजस्व जम्मा गरेको भौचर र दरखास्त फाराम Scan गरी .pdf फाइल बनाएर गाउँपालिकाको इमेल raptisonarimun@gmail.com मा पठाउन सकिनेछ।

**६. तलब तथा सेवा सुविधा :-** नियमानुसार।

**७. दरखास्त फारामसाथ पेश गर्नुपर्ने कागजातहरू :-** उम्मेदवारको दस्तखत भएको दरखास्त फाराम, हालसालै खिचेको २ प्रति पासपोर्ट साइज फोटो, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि, तालिम सम्बन्धी प्रमाणित कागजात, दरखास्त दस्तुर बुझाएको सक्कल भौचर।

८. रीतपूर्वक प्राप्त नभएका र म्याद नाघि आएका दरखास्त उपर कुनै कारबाही हुने छैन।

९. लिखित परीक्षाको मिति :- मिति २०८३।०२।२२ गते

१०. परीक्षाको पाठ्यक्रम : प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेशले तोकेअनुसार।

११. सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरू प्रचलित कानुन बमोजिम गठित उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।